स्थायी लेखा नं.: ३०३६२४०२३ समाज कल्याण परिषद् आबद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/०४९/५०

# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**

पुल्चोक, ललितपुर

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. तिरत्न बज्राचार्य

उपाध्यक्ष
ई. आशिष घिमिरे

महासचिव
ई. छवि राज पोखेल

उपमहासचिव
ई. कपिल आचार्य

कोषाध्यक्ष
ई. राम एकबाल यादव

सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ

सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. हेम राज पौडेल (प्रदेश नं. १)

प.सं./च.नं.५५,०७५/०७६

मिति: २०७६।०१।०३

मानननीय ई. रघुवीर महासेठज्यू,
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
नेपाल सरकार ।

विषय: ईन्जिनियरिङ स्टाफ कलेज स्थापना संबन्धमा ।

माननीयज्यू,

प्रस्तुत विषयमा नेपालका ईन्जिनियरहरुको पेशागत उन्नयन तथा क्षमता अभिवृद्धिको लागी नेपालमा ईन्जिनियरिङ स्टाफ कलेज स्थापना गर्न यस एशोसिएसनले विगत धेरै वर्ष देखि विभिन्न समय सन्दर्भमा नेपाल सरकार समक्ष पटक पटक माग गर्दै आइरहेको व्यहोरा अवगत गराउदछौं । देशमा गुणस्तरीय योजना, आयोजना लगायत सबै किसिमका पूर्वाधार निर्माण तथा विकासका लागी ईन्जिनियरिङ, विज्ञान र प्रविधिको उच्चतम सदुपयोग एवं विज्ञताको ठूलो महत्व रहन्छ । मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरण गर्न पूर्वाधार विकास अपरिहार्य छ त्यसको लागि नविन प्रविधिको व्यवहारिक ज्ञान, सीप र विषय विज्ञताको महत्वपूर्ण भूमिका रहन्छ ।

उच्च शिक्षा अध्ययन पश्चात सोझै आफ्नो व्यवसायमा प्रवेश गर्दा ईन्जिनियरले आफ्नो क्षमता र दक्षतालाई भरपूर रुपमा प्रयोग गर्न सक्दैन उसको ज्ञान र सीपमा निखार ल्याउन सम्बद्ध विषयमा अनवरत रुपमा तालिम तथा प्रशिक्षणको आवश्यकता पर्दछ । यसै कुरालाई मध्यनजर गर्दै नेपालमा ईन्जिनियरिङ स्टाफ कलेजको आवश्यकता र औचित्यका विषयमा विगतमा नेपाल सरकार, राष्ट्रिय योजना आयोग समेतको सहयोग तथा सरोकारवाला निकाय विचको छलफल एवं परामर्श पश्चात यसको आवश्यकताको बारेमा विस्तृत प्रतिवेदन समेत तयार भईसकेको र सो प्रतिवेदनका आधारमा नेपाल ईन्जिनियर्स एशोसिएसनले गठन आदेश अथवा ऐन दुवैको प्रारम्भिक मस्यौदा समेत तयार गरि सकेको हुँदा अन्तर्राष्ट्रिय प्रचलन र व्यवस्था अनुरुप नेपालमा पनि ईन्जिनियरिङ स्टाफ कलेज स्थापना गर्न अति जरुरी भएको कुरा माननीय मन्त्रीज्यूमा निवेदन गर्दछौं ।

नेपाल ईन्जिनियर्स एशोसिएसनले ईन्जिनियरहरुको पेशागत विकास एवं क्षमता अभिवृद्धि गर्नको निमित्त विभिन्न किसिमका प्रशिक्षण तालिम, गोष्ठी, सेमीनार संचालन गरी गुणस्तरीय सेवाद्वारा राष्ट्र निर्माणमा सहयोग पुर्याउने तर्फ विगत देखि नै कार्य गर्दै

ठेगाना: ईन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.प्र.का. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२६१, ५०१०२६२

# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**
पुल्चोक, ललितपुर

**३२ औं केन्द्रीय कार्यकारिणी समिति**

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकबाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे
(कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी
(गण्डकी प्रदेश)
आ. जनक राज जोशी
(सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का
(प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव
(प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक
(प्रदेश नं. ३)
ई. टेग राज पौडेल
(प्रदेश नं. १)

आइरहेको हुँदा यो विषयलाई उच्च प्राथमिकताका साथ संस्थागत गर्दै मूर्तरुप दिन अहिले टड्कारो आवश्यकता रहेको संस्था ईन्जिनियरिङ स्टाफ कलेजको स्थापना हुनु अत्यन्त जरुरी छ । विश्वका विकसित मुलुकहरुले पूर्वाधार विकासको क्षेत्रमा अपनाएको नविनतम प्रविधिको अनुशरण गरी स्वदेशको विकासमा प्रयोग गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन गर्ने उद्देश्य अनुरुप ईन्जिनियर समुदयको पेशागत क्षमता अभिवृद्धि गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता हो ।

विकासका संवाहक ईन्जिनियरलाई प्राविधिक दक्षताको साथै, प्रभावकारी सम्वाद, व्यवहारीक एवं व्यवस्थापकीय दक्षता, सामूहिक कार्यकूशलता, नेतृत्व, व्यवसायिक आचार संहिताको पालना लगायत वातावरणीय सचेतनायुक्त ज्ञान जस्ता विषयमा प्रचुर जानकारी तथा अनुभवको आवश्यकता पर्दछ । सैद्धान्तिक ज्ञानका साथै उपरोक्त विषयहरुका बारेमा ईन्जिनियरलाई व्यवहारिक ज्ञान प्रदान गर्ने लगायत कार्य कुशलता एवं व्यवसायमा निपुण बनाउन विभिन्न किसिमका तालिम, परामर्श जस्ता थप क्षमता अभिवृद्धिका कार्यक्रमहरुबाट दिक्षित गर्न सकेमा मात्र मुलुकले दक्ष प्राविधिक जनशक्ति प्राप्त गर्दछ र त्यस्तो जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो दक्षता प्रस्तुत गर्ने सामर्थ राख्दछ । तसर्थ गुणस्तरीय निर्माणद्वारा दिगो विकासको लक्ष्य सहित **समृद्ध नेपाल सुखी नेपालीको** सपना साकार बनाउन आगामी आर्थिक वर्ष ०७६/०७७ को वार्षिक बजेट तथा सरकारको नीति तथा कार्यक्रममा समावेश गर्ने गरी नेपालमा **ईन्जिनियरिङ स्टाफ कलेजको** स्थापना एवं सोको कार्यान्वयनमा विशेष महत्व र सकृय पहल गरिदिनुहुन सम्पूर्ण ईन्जिनियर समुदायको तर्फबाट माननीय मन्त्रीज्यू समक्ष हार्दिक अनुरोध गर्दछौं ।

नेपाली ईन्जिनियरहरुको विगत डेढ दशक देखिको माग र अनुरोधलाई सकारात्मक रुपमा लिदै कुनै विलम्ब नगरी माननीय मन्त्रीज्यूले प्राथमिकताका साथ पहल गर्नु हुनेछ भन्ने पूर्ण आशा एवं विश्वास लिएका छौं

धन्यवाद ।

ई. छवि राज पोखेल
महासचिव

ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
अध्यक्ष

ठेगाना: ईन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२४१, ५०१०२५२
फ्याक्स: ०१-५०१०२४३